# तानसेन नगरपालिका

तानसेन, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

☎: ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९
ई-मेल :ito.tansenmun@gmail.com
info@tansenmun.gov.np

चलानी नं.
पत्र संख्या :

नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

मिति : २०७८ माघ ६

## प्रेस विज्ञप्ति

"फोहोर व्यावस्थापनको जिम्मा निजीलाई दिदा झनै समस्या- वजारमा फोहोर बढ्यो, जनताबाट लिने शुल्क बढ्यो, तानसेन नगरपालिकाको खर्च पनी बढ्यो" शीर्षकमा ईकुटुम्ब डटकम नामक अनलाइन (?) मा मिति २०७८ माघ ६ गते बिहिबारका दिन प्रकाशित सामग्रीप्रति तानसेन नगरपालिकाको ध्यानाकर्षण भएको छ ।

सार्वजनिक निजी साझेदारी कार्यक्रम अन्तर्गत तानसेनको फोहर व्यवस्थापनको जिम्मा विज्ञ तथा सरोकारवालाहरुको सुझावको आधारमा आवश्यक प्रक्रिया पूरा गरी नियमानुसार वातावरणीय सुन्दर नेपाल प्रा.लि.लाई २०७८ भदौं १ देखि १० वर्षका लागि सञ्चालनको जिम्मा दिने निर्णय अनुसार सम्झौता भएको हो । उक्त संस्थालाई फोहर व्यवस्थापनको जिम्मा दिंदा तानसेन नगरपालिकालाई वार्षिक ३५ लाख ८० हजार रुपैयाँ व्ययभार कम हुने तथ्य रजिष्टर्ड लेखापरीक्षक, अर्थशास्त्री, वित्तीय विश्लेषक, प्राविधिकसमेतको रिपोर्ट पश्चात् उक्त निर्णयमा पुगिएको कुरा प्रष्ट पार्न चाहन्छौं । यसैगरी फोहरमैला व्यवस्थापन वापतको वार्षिक शूल्क बढेको भन्ने कुरा सत्य होइन । यथार्थता विपरित हुनेगरी कपोलकल्पित सामग्री प्रकाशनबाट तानसेनको विकास निर्माणमा चासो राख्ने निजी क्षेत्र निरुत्साहित हुने भएकाले तथ्यहिन उक्त सामग्रीको खण्डन गर्न सम्वन्धित पक्षलाई सूचित गर्दै सम्वेदनशील सवालमा समाचार सामग्री प्रकाशन प्रशारणपूर्व सम्वन्धित निकायबाट यथार्थ विवरणबारे प्रष्ट हुनको लागि समस्त सञ्चारकर्मीसमक्ष अनुरोध गर्दछौं ।

(सूचना अधिकारी)

दुर्गा बहादुर थापा
बरिष्ठ अधिकृत
आठौं तह

Scanned with CamScanner